# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५१९५५६८ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

## स्नातकोत्तर तह (MBS) कार्यक्रम सम्बन्धनका लागि चाहिने न्यूनतम व्यवस्था

१. एम.वि.एस. कार्यक्रम संचालन गर्ने प्रस्तावित सामुदायिक क्याम्पस कम्तिमा वि.वि.एस. स्नातक तह कम्तिमा ५ वर्ष संचालन पुरा भईसकेको हुनुपर्ने । अन्य कुनै विश्वविद्यालयका कुनैपनि कार्यक्रम र दशजोड दुई कार्यक्रम संचालन भएको संस्थाको हकमा एकै स्थान र समयमा संचालन गर्न नपाइने ।

२. क्याम्पस संचालनको लागि चाहिने जग्गा, भवन तथा खेलकुदका लागि आवश्यक पूर्वाधार क्याम्पसको आफ्नै स्वामित्वमा हुनुपर्ने । आफ्नो स्वामित्व नभई भाडामा संचालन हुने भए कम्तीमा १० वर्षको लागि भाडा/लिज सम्झौता भएको कानूनी मान्यता प्राप्त कागजात हुनुपर्ने ।

३. पाठ्यक्रममा तोकेका विषयहरु पठनपाठनका निमित्त चाहिने कुल शिक्षक मध्ये ७५ प्रतिशत त्रि.वि. ले तोकेको योग्यता पुगेका अन्य कुनै पनि संस्थामा पूर्णकालिन काम नगरेका क्याम्पसकै पूर्णकालिन (Full Time) काम गर्ने शिक्षक हुनुपर्ने । त्रि.वि.ले तोकेको योग्यता पुगेको पूर्णकालिन र अल्पकालिन हरेक विषयगत शिक्षकहरुसंग भएको प्रतिवद्धता पत्र साथै सम्झौता पत्र वा नियुक्ति पत्र समेत पेश गर्नुपर्ने ।

४. त्रि.वि. को नियमानुसार अनिवार्य रुपले सञ्चालन भइरहेको वी.वी.एस कार्यक्रमको नविकरण गर्नुपर्ने ।

५. वी.वी.एस. मा विगत ५ वर्षको विद्यार्थी भर्ना र उर्त्तिण संख्या (Academic Track) उल्लेख गर्नु पर्ने ।

६. कूल शिक्षक मध्ये कम्तिमा तीनजना एम.फिल./विद्यावारिधि उपाधि प्राप्त भएको वा अनुसन्धानको पर्याप्त अनुभव भएको हुनुपर्ने ।

७. भर्ना गर्न तोकिएको विद्यार्थी संख्याको आधारमा पठनपाठन हुने प्रत्येक विषयमा ३ जना विद्यार्थीलाई कम्तीमा १ पुस्तक हुने गरी पुस्तकालयको व्यवस्था साथै अर्न्तराष्ट्रिय स्तरको १ र राष्ट्रिय स्तरको ३ सम्बन्धित जरनल (Journal) हुनुपर्ने । सकेसम्म E-Library को व्यवस्था हुनुपर्ने ।

८. कम्तीमा २५ वटा आधुनिक कम्प्युटर भएको कम्प्युटर ल्याब हुनुपर्ने साथै उक्त विषयको पूर्णकालिन शिक्षक हुनुपर्ने । विद्यार्थीहरुलाई अध्ययन अवधिभर तोकिएको समयमा ईन्टरनेट र अन्य उपयोगी सेवा उपलब्ध हुनुपर्ने ।

# त्रिभुवन विश्वविद्यालय
## व्यवस्थापन संकाय

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५१९५५६८ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


९. दश जोड दुई कार्यक्रम साथै वि.वि.एस. कार्यक्रम समेत संचालन भएको हकमा दशजोड दुई कार्यक्रम पूर्ण रुपमा हटाइएको हुनुपर्ने ।

१०. त्रि.वि. अन्तर्गत सम्बन्धन लिई पूर्व संचालित शैक्षिक कार्यक्रमहरुमा विद्यार्थी भर्ना पश्चात् त्रि.वि.लाई बुझाउनु पर्ने सेवा शुल्क पूर्णतः बुझाएको हुनुपर्ने ।

११. त्रि.वि. को व्यवस्थासंग नबाझिने क्याम्पस संचालन नियमावली हुनुपर्ने ।

१२. क्याम्पसको गुरु योजना (Master Plan) र क्याम्पस व्यवस्थापन योजना (Campus Management Plan) तर्जुमा गरी पेश गर्नुपर्ने ।

१३. कार्यक्रम संचालनार्थ व्यवस्थापन संकायको प्रतिनिधित्व भएको छुट्टै संचालन समिति गठन गरिनुपर्ने ।

१४. त्रि.वि. तथा व्यवस्थापन संकायले बेलाबेलामा तोकेका नियम अक्षरसः पालना गर्नुपर्ने ।

१५. एम.वी.एस. कार्यक्रम सञ्चालन गर्न आवेदन दिने कलेज/क्याम्पसहरुले आवेदन साथै स्थलगत अध्ययन वापत लाग्ने शुल्क रु ५०,०००।- यस संकाय, डीन कार्यालयको कीर्तिपुरको चल्ती खाता नं. ०४५००१०००९९०६००००००१ मा बुझाएको भौचर आवेदन संगै पेश गर्नुपर्ने छ ।

| शैक्षिक तह | २०६५/०६६ बाट सम्बन्धन शुल्क लागु | |
|---|---|---|
| | उपत्यका भित्रको लागि | उपत्यका बाहिरको लागि |
| एम.वि.एस. | रु.५,००,०००।- | रु.२,५०,०००।- |

१६. त्रि.वि.को आंगिक क्याम्पस रहेको गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका बाहेक अन्य स्थानमा एवं त्रि.वि. को आंगिक क्याम्पस रहेको स्थानमा कम्तिमा ३ कि.मि. को दुरी हुनुपर्ने ।

.............................
प्रा.डा. डिल्लीराज शर्मा
डीन